प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

**करार सेवा लिने सम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति : २०७८/ ०५/१५)

**स्थानीय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन) कार्यविधि, २०७८** बमोजिम देहायको स्थानीय तहहरुमा न्यायिक सहजकर्ताको पद (*सहायक पाचौं वा सो सरह* ) रिक्त रही करार गरी राख्नु पर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र **सम्बन्धित जिल्ला समन्वय समतिको कार्यालयमा** आवेदन दिन हुन यो सूचना प्रकाशन गरिएको छ । प्रस्तुत कार्यविधि, आवेदन फाराम, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण मन्त्रालयको वेवसाइट **www.moial.bagamati.gov.np** मा हेर्न सकिनेछ।

१. सूचना नं. ०१/२०७८-०७९

| जिल्ला | रिक्त स्थानीय तह (संख्या-४०) |
|---|---|
| मकवानपुर | हेटौंडा उपमहानगरपालिका |
| चितवन | कालिका न.पा, खैरहनी न.पा, माडी न.पा, इच्छाकामना गा.पा |
| धादिङ | खनियाबास गा.पा, गजुरी गा.पा, गङ्गाजमुना गा.पा, नेत्रावती डब जोङ गा.पा, रुवी भ्याली गा.पा, ज्वालामुखी |
| रसुवा | गोसाँईकुण्ड गा.पा |
| नुवाकोट | किस्पाङ् गा.पा, दुप्चेश्वर गा.पा, शिवपुरी गा.पा, सुर्यगढी गा.पा |
| काठमाण्डौं | टोखा न.पा, किर्तिपुर न.पा, शङ्खरापुर न.पा |
| भक्तपुर | सुर्यविनायक न.पा, |
| ललितपुर | महालक्ष्मी न.पा, कोन्ज्योसोम गा.पा |
| काभ्रेपलाञ्चोक | धुलिखेल न.पा, पनौति न.पा, नमोबुद्ध न.पा, चौरीदेउराली गा.पा, महाभारत गा.पा |
| सिन्धुपाल्चोक | मेलम्ची न.पा, इन्द्रवती गा.पा, पाँचपोखरी गा.पा, सुनकोशी गा.पा |
| दोलखा | गौरीशङ्कर गा.पा, मेलुङ्ग गा.पा, बिगु गा.पा |
| रामेछाप | मन्थली न.पा, सुनापती गा.पा, |
| सिन्धुली | कमलामाई न.पा, दुधौली न.पा, तीनपाटन गा.पा, मरिण गा.पा |

२. योग्यता :

(क) नेपाली नागरिक,

(ख) माध्यमिक शिक्षा (१०+२) वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उर्तीण गरेको,

(ग) अठार वर्ष उमेर पूरा भई अन्ठाउन्न वर्ष ननाघेको,

(घ) अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।

३. छनौटका आधारहरु :

(क) न्यूनतम शैक्षिक योग्यता

(ख) माथिल्लो शैक्षिक योग्यता

(ग) व्यावसायिक प्रमाणपत्र

(घ) बासिन्दाको आधार

(ङ) महिला उम्मेदवार

(च) न्यायिक/कानूनी सहजकर्ताको अनुभव

(छ) अन्तरवार्ता।

४. आवेदकले संलग्न गर्नु पर्ने:

उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम परिषद् वा अन्य निकायमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ ।

**नोटः आवेदकले उल्लिखित कुनै एक स्थानीय तह मात्र उल्लेख गरी दरखास्त दिनु पर्नेछ ।**